## सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन, २०७७

१. सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि विधेयक" भनिएको) को प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नेः

"प्रस्तावनाः सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्र हित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रुपमा तटस्थ, सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउँदै सुशासनमुखी संयन्त्रको रुपमा विकास गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले"

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेका "सङ्घीय निजामती सेवा ऐन, २०७५"भन्ने शब्दहरुको सट्टा "सङ्घीय निजामती सेवा ऐन, २०७७" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा २ को,-

(क)खण्ड (क) मा रहेको "दफा १४" भन्ने शब्दहरुको सट्टा "दफा १६" भन्ने शब्दहरु राख्ने ।

(ख)खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नेः

"(च) "परिवार" भन्नाले निजामती कर्मचारीसँग बस्ने वा निजले पालन पोषण गर्नु पर्ने निजको पति, पत्नी, छोरा, छोरी, बाबु र आमा सम्झनु पर्छ र सो शब्दले विवाहित कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।"

(ग) खण्ड (ञ) झिकी खण्डक्रम मिलाउने ।

(घ)खण्ड (ट) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ञ) मा रहेका "दफा ४" भन्ने शब्दहरुको सट्टा "दफा ५" भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) सङ्घीय निजामती प्रशासन सम्बन्धी काम गर्दा यो ऐन तथा यस ऐन बमोजिम बनेको नियममा उल्लिखित कुनै विषयमा द्विविधा भएमा त्यस्तो विषयमा निर्णय गर्नु पूर्व मन्त्रालयको नीतिगत स्वीकृति लिनु पर्नेछ।"

५. विधेयकको दफा ३ पछि देहायको दफा ४ थपी दफाक्रम मिलाउनेः-

"४. सङ्घीय निजामती सेवा सञ्चालनका आधारभूत सिद्धान्तः सङ्घीय निजामती सेवा देहायका आधारभूत सिद्धान्त अनुरुप सञ्चालन हुनेछः-

(क) निजामती सेवा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका आधारभूत मूल्य, मान्यता र सिद्धान्तका आधारमा सञ्चालन हुने,

(ख) निजामती कर्मचारीको शुरु नियुक्ति खुला र समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतियोगितात्मक परीक्षाद्वारा हुने ,

(ग) निजामती सेवा भ्रष्टाचारमुक्त, जनउत्तरदायी, निष्पक्ष, पारदर्शी, परिणाममुखी, जवाफदेही, स्वच्छ, सक्षम, दक्ष र प्रविधि मैत्री हुने,

(घ) निजामती सेवालाई अविच्छिन्न, गैर राजनीतिक र स्थायी सेवाको रुपमा विकास गरिने,

(ङ) निजामती कर्मचारीको सरुवा, बढुवा र वृत्ति विकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र व्यवसायिक क्षमतामा आधारित हुने,

(च) विभिन्न तहका सङ्घीय ईकाईमा रहने सरकारी सेवाहरुबीच समन्वय र सहकार्यको माध्यमबाट सुमधुर र सहयोगात्मक सम्बन्ध विकास र विस्तार गरिने,

(छ) सङ्घीय निजामती सेवालाई व्यावसायिक र सक्षम सेवाको रुपमा विकास गरिने ।

(२) उपदफा (१) बमोजिमका आधारभूत सिद्धान्तहरु अन्य सङ्घीय सरकारी सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सेवाको लागि समेत मार्गदर्शक हुनेछन् ।"

६. विधेयकको दफा ४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५ को सट्टा देहायको दफा ५ राख्नेः-

"५. <u>सङ्घीय निजामती सेवाको गठनः</u> (१) सङ्घीय निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरु रहनेछन् ः-

(क) नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा,

(ख) नेपाल इन्जिनियरिङ्ग सेवा,

(ग) नेपाल कृषि सेवा,

(घ) नेपाल न्याय सेवा,

(ङ) नेपाल परराष्ट्र सेवा,

(च) नेपाल प्रशासन सेवा,

(छ) नेपाल लेखापरीक्षण सेवा,

(ज) नेपाल वन सेवा,

(झ) नेपाल विविध सेवा,

(ञ) नेपाल शिक्षा सेवा,

(ट) नेपाल स्वास्थ्य सेवा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवा बाहेक राजपत्राङ्कित विशिष्ट श्रेणीका पदमा सेवा रहने छैन ।

(३) नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल लेखापरीक्षण सेवा र अन्य राजपत्राङ्कित विशिष्ट श्रेणीमा रहने पदहरु तोकिए बमोजिम हुनेछन् ।

(४) नेपाल सरकारले नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवा बाहेकका अन्य राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीलाई उपदफा (३) बमोजिम कायम रहेका नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवाको पद बाहेकको जुनसुकै निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा पदस्थापन वा सरुवा गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट श्रेणीका कुनै कर्मचारीलाई नेपाल सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि विशेष जिम्मेवारी दिनु परेमा नेपाल सरकारले नेपाल परराष्ट्र सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको अन्य पदमा वा अन्य राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारीलाई नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा खटाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम खटाएको कारणबाट निज खटिनु अघि बहाल रहेको समूह (क्लष्टर) को पद रिक्त मानी बढुवा गरी पदपूर्ति गरिने छैन । त्यस्तो कर्मचारी जुनसुकै कारणले निजामती सेवामा नरहेमा निज त्यसरी खटिनु अघिको पद रिक्त मानी यस ऐन बमोजिम पूर्ति गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको सेवा अन्तर्गत तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूह रहनेछन् ।

(८) उपदफा (१) बमोजिमको सेवामा रहने विभिन्न पदहरुको लागी चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।"

७. विधेयकको दफा ५ दफाक्रम मिलाउँदा कायम हुने दफा ६ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नेः-

"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षभित्र नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सङ्घीय निजामती सेवाको श्रेणीगत प्रणालीलाई तहगत प्रणालीमा वा तहगत प्रणालीलाई श्रेणीगत प्रणालीमा रुपान्तरण गरी एकीकृत प्रणाली लागू गर्नेछ ।"

८. विधेयकको दफा ६ दफाक्रम मिलाउँदा कायम हुने दफा ७ को,-

(१)उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) नेपाल सरकारले दफा ९ बमोजिम स्वीकृत गरेको सङ्गठनको कार्यविवरणको आधारमा प्रत्येक निकायले प्रत्येक पदको काम, कर्तव्य, उत्तरदायित्व र अधिकार सहितको कार्यविवरण स्वीकृत गरी लागू गर्नु पर्नेछ ।

तर राजपत्राङ्कित विशिष्ट श्रेणीका पदको कार्यविवरण नेपाल सरकारले स्वीकृत गर्नेछ ।"

(२) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राख्नेः-

"(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्यविवरणको आधारमा योजना, कार्यक्रम, आवधिक लक्ष्य र उत्तरदायित्व समेत निर्धारण गरी राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत, विभागीय प्रमुख, कार्यालय प्रमुख, आयोजना प्रमुख र अन्य कर्मचारीसँग वार्षिक रुपमा तोकिए बमोजिम कार्य सम्पादन सम्झौता गरिनेछ ।

(४) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा मन्त्रालयको सचिवले विभागीय मन्त्रीसँग र विभागीय प्रमुखले तालुक निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतसँग, कार्यालय प्रमुखले विभागीय प्रमुखसँग तथा अन्य कर्मचारीले कार्यालय प्रमुखसँग गर्नु पर्नेछ ।

तर संवैधानिक निकायमा कार्यरत राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा सचिवसँग सम्बन्धित संवैधानिक निकायको प्रमुखले कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।"

(३) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थप्नेः-

"(५) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा अन्य विषयका अतिरिक्त देहायका विषयहरु खुलाउनु पर्नेछः-

(क) कर्मचारीले सम्पादन गर्ने कामको विवरण र समयावधि,

(ख) सम्पादन गर्नुपर्ने कामको चौमासिक र वार्षिक लक्ष्य तथा कार्ययोजना,

(ग) उत्तरदायित्व प्रवर्द्धन र सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्ने तथा कार्यालयको समग्र कार्यसम्पादनको स्तर बढाउने विषय,

(घ) कार्यसम्पादनका उपलब्धी सूचक तथा कार्य प्रगति मापनका लागि वस्तुनिष्ठ आधार सहितको अङ्कभार,

(ङ) तोकिएको लक्ष्यभन्दा अतिरिक्त काम गरेमा वा अन्य सिर्जनात्मक, नवप्रवर्द्धनात्मक, अनुकरणीय, चुनौतीपूर्ण वा जोखिमपूर्ण कार्य गरेमा थप सुविधा वा प्रोत्साहन गरिने विषय,

(च) नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने विषय ।

(६) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौता अनुसारको कार्य सम्पादनको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधारका रुपमा लिनु पर्नेछ ।"

९. विधेयकको दफा ६ दफाक्रम मिलाउँदा कायम हुने दफा ७ पछि देहायको दफा ८ थपी दफाक्रम मिलाउनेः-

"८. निजामती कर्मचारीको जिम्मेवारी र दायित्वः निजामती कर्मचारीको यस ऐन र प्रचलित कानूनमा उल्लिखित अन्य विषयका अतिरिक्त देहायका जिम्मेवारी र दायित्व रहनेछः-

(क) राष्ट्र र जनताको वृहत्तर हितलाई ध्यानमा राख्दै संविधान र कानूनको पूर्ण परिपालना गरी कार्यसम्पादन गर्ने,

(ख) कार्यालयको उद्देश्य र लक्ष्य प्राप्तिलाई केन्द्रमा राखी उपलब्ध साधन र स्रोतको मितव्ययितापूर्वक परिचालन गर्ने,

(ग) सरकारी वा पदीय अधिकार तथा स्रोत साधनलाई निजी वा निहित स्वार्थका लागि उपयोग नगर्ने तथा कार्यालय समयमा व्यक्तिगत काममा समय व्यतित नगर्ने,

(घ) सेवाग्राही र आमजनताप्रति जवाफदेही रही निष्पक्ष र पारदर्शी तवरले छिटो छरितो र गुणस्तरयुक्त सेवा प्रदान गर्ने,

(ङ) सेवाग्राहीप्रति शिष्ट र समान किसिमको व्यवहार गर्ने तथा आधारभूत मानवीय मूल्य र मान्यताप्रति सम्मान गर्ने,

(च) सङ्गठनले राखेका उद्देश्य र लक्ष्य हासिल गर्न तथा सुशासन कायम गरी कार्यालयको समग्र कार्य सम्पादनस्तर उच्च पार्न निरन्तर प्रयत्नरत रहने,

(छ) कार्य सम्पादन प्रक्रियालाई सरलीकरण गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने ।"

१०. विधेयकको दफा ७ दफाक्रम मिलाउँदा कायम हुने दफा ९ को सट्टा देहायको दफा ९ राख्नेः-

"९. दरबन्दी सिर्जनाः (१) कुनै सङ्घीय सरकारी कार्यालयको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न वा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरका निकायले सम्बन्धित विशेषज्ञ समेत रहेको तोकिए बमोजिमको समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सर्वेक्षण गरिने कार्यालयको कार्य प्रकृति, कार्यबोझ, समग्र आर्थिक अवस्था तथा प्रशासनिक खर्चको दायित्व लगायतका विषय विश्लेषण गर्नुको साथै सङ्गठनलाई प्रविधिमैत्री बनाउने र न्यूनतम जनशक्तिबाट अधिकतम प्रतिफल लिने कुरालाई आधार लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (२) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखेमा सो को कारण र औचित्य समेत खुलाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (३) बमोजिम दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्ने गरी प्रतिवेदन तयार गर्दा सबै सेवामा रहेका निजामती

कर्मचारीको वृत्ति विकासमा यथासम्भव एकरुपता कायम हुने र पदसोपानको अनुपात समेत मिल्ने गरी तयार गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदन सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले सोको औचित्य समेतको आधारमा मूल्याङ्कन गरी नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई उपयुक्त सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव गरी स्वीकृतिको लागि एक महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएको प्रस्ताव बमोजिम नेपाल सरकारले सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरका निकायले राष्ट्रिय किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउनु पर्नेछ । यसरी राष्ट्रिय किताबखानामा पद दर्ता नगरी त्यस्तो पदमा पदपूर्ति गर्न सकिने छैन ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सिर्जना गरिने छैन । त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ ।

(९) उपदफा (८) मा उल्लिखित निकायको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रुपमा आवश्यक पर्ने जनशक्तिको किसिम तथा सङ्ख्या यकिन गरी अस्थायी दरबन्दी सिफारिस गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीय स्तरको निकायमा तोकिए बमोजिमको समिति रहनेछ ।

(१०) उपदफा (८) बमोजिमका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा रहेको अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी स्थायी पदपूर्ति गर्न पाईने छैन ।

(११) सङ्घीय निजामती सेवाको स्थायी पदमा बहाल रहेको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा कुटनीतिक नियोग वा अन्य कुनै पदमा नियुक्त गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि तरिकाले पदपूर्ति गर्न पाइने छैन।"

११. विधेयकको दफा ८ दफाक्रम मिलाउँदा कायम हुने दफा १० को सट्टा देहायको दफा १० राख्नेः-

"१०. <u>सङ्घीय निजामती सेवाको पदपूर्तिः</u> (१) सङ्घीय निजामती सेवाको रिक्त राजपत्राङ्कित विशिष्ट श्रेणीको पद दफा २८ बमोजिम र अन्य पद देहाय बमोजिम पूर्ति गरिनेछः-

| श्रेणी | | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगिताद्धारा | बढुवाद्वारा |
|---|---|---|---|---|
| (क) | राजपत्र अनङ्कित पाँचौ श्रेणी | १००% | - | - |
| (ख) | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | - | - | - |
| (ग) | राजपत्र अनङ्कित तृतीय श्रेणी | - | - | - |
| (घ) | राजपत्र अनङ्कित द्वितीय श्रेणी | ९०% | - | १०% |
| (ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | ५०% | - | ५०% |
| (च) | राजपत्राङ्कित तृतीय श्रेणी | ८०% | - | २०% |
| (छ) | राजपत्राङ्कित द्वितीय श्रेणी | १०% | २०% | ७०% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | १०% | १०% | ८०% |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहको पद दफा १०९ बमोजिम र सो सेवाका अन्य पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

| तह | | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगिताद्वारा | बढुवाद्वारा |
|---|---|---|---|---|
| (क) | चौथो | १००% | - | - |
| (ख) | पाँचौ | ६५% | - | ३५% |
| (ग) | सातौं (चिकित्सक बाहेक) | ७०% | १०% | २०% |
| (घ) | आठौं (चिकित्सक) | १००% | - | - |
| (ङ) | नवौं | १०% | २०% | ७०% |
| (च) | एघारौ | १०% | १५% | ७५% |

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवा को पदमा अन्तर तह प्रतियोगिताको लागि पदसङ्ख्या निर्धारण गरिने छैन र त्यस्तो पद बढुवाद्वारा पूर्ति हुने पदमा समावेश गरिनेछ ।

(४) उपदफा (१) को खण्ड (छ) वा (ज) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदको लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृतस्तरको पदमा राजपत्राङ्कित द्वितीय श्रेणीको पदको हकमा कम्तीमा पाँच वर्ष र राजपत्राङ्कित प्रथम श्रेणीको पदको हकमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सङ्गठित संस्था" भन्नाले देहायका संस्था सम्झनु पर्छः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था,

(ख) प्रचलित कानून बमाजिम स्थापना भएको परिषद् वा बोर्ड,

(ग) प्रचलित कानून बमोजिम स्थापना भएको शैक्षिक संस्था,

(घ) पब्लिक लिमिटेड कम्पनी, वा

(ङ) पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएका बैङ्क वा वित्तीय संस्था ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यावारिधि स्तरको उपाधी प्राप्त गरेको व्यक्ति दुई वर्षसम्म कम अनुभव भए पनि त्यस्तो पदमा उम्मेदवार हुन सक्नेछ ।

(६) उपदफा (२) को खण्ड (ङ) वा (च) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति गरिने नेपाल स्वास्थ्य सेवाको नवौं वा एघारौं तहको पदको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको वा सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य संस्थाको अधिकृतस्तरको पदमा अधिकृत नवौं तहको हकमा कम्तीमा पाँच वर्ष र अधिकृत एघारौं तह पदको हकमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्साशास्त्रमा विद्यावारिधि स्तरको उपाधी प्राप्त गरेको व्यक्तिको हकमा सो बमोजिमको अनुभव अनिवार्य हुने छैन ।

(८) उपदफा (४), (५) वा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायमा आंशिक रुपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुने छैन ।

(९) उपदफा (१) र (२) बमोजिमको अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा कर्मचारी समायोजन सम्बन्धी प्रचलित कानून बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भई वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा बहाल रहेको देहायको कर्मचारी उम्मेदवार हुन सक्नेछः-

(क) दफा २९ बमोजिम बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ख) दफा ३० वा अन्य प्रचलित कानून बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको,

(ग) बढुवा हुने पदभन्दा एक श्रेणी मुनी वा सो सरहको तहको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा तीस कार्य दिन वा सोभन्दा बढीको सेवाकालीन तालीम लिएको,

(घ) राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृत नवौं तहको पदको लागि अधिकृतस्तरको पदमा कम्तीमा सात वर्ष र राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृत एघारौं तहको पदको लागि अधिकृतस्तरको पदमा कम्तीमा दश वर्ष सेवा गरेको ।

(१०) उपदफा (१) र (२) बमोजिम बढुवाद्वारा पूर्ति हुने पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह मुनिको पदमा बहाल रहेको र बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेको निजामती कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवा तथा नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको र आवश्यक न्युनतम सेवा अवधि तथा शैक्षिक योग्यता पूरा गरेको कर्मचारी त्यसरी समायोजन हुनु पूर्व बहाल रहेको सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह माथिको पदमा यस ऐन बमोजिम हुने बढुवाको लागि उम्मेदवार हुन सक्नेछ।

तर प्रदेश वा स्थानीय तहको देहायको तहमा समायोजन भएको कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहको देहायको तहमा बढुवा भएमा त्यस्तो कर्मचारी यस ऐन बमोजिम हुने बढुवाको लागि उम्मेदवार हुने छैनः-

(क) राजपत्र अनङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा बहाल रही प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी छैठौं तह वा सो भन्दा माथिको तहमा,

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा बहाल रही प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी सातौं तह वा सो भन्दा माथिको तहमा,

(ग) राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदमा बहाल रही प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी नवौं तह वा सो भन्दा माथिको तहमा,

(घ) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा बहाल रही प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी एघारौं तह वा सो भन्दा माथिको तहमा।

(१२) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा उपदफा (४), (५), (६), (९), (१०) वा (११) को प्रयोजनको लागि समायोजन हुनु पूर्वको सम्बन्धित पदको सेवा अवधि समेत गणना गरिनेछ ।

(१३) उपदफा (१) वा (२) बमोजिम अन्तर तह प्रतियोगिताको लागि छुट्याइएको पदमा पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्ष हुने बढुवाद्वारा पूर्ति गरिनेछ ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि साविकको नेपाल विविध सेवा अन्तर्गतको राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पद र राजपत्र अनङ्कित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन ।

(१५) राजपत्र अनङ्कित द्वितीय श्रेणीका सहायक कम्प्युटर अपरेटर पदमा सात वर्ष सेवा अवधि पुरा गरेको र दफा ९३ बमोजिमको नकारात्मक सूचीमा नपरेको निजामती कर्मचारीलाई राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ । यसरी बढुवा गर्न एक श्रेणी माथिको पद स्वत सिर्जना हुनेछ र साविकको पद खारेज हुनेछ ।

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको न्यूनतम शैक्षिक योग्यता र बढुवाको लागि आवश्यक पर्ने सेवा अवधि पुरा गरेका राजपत्र अनङ्कित प्रथम श्रेणीका कम्प्यूटर अपरेटरहरु नेपाल प्रशासन सेवाको तोकिए बमोजिमको समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् ।

(१७) राजपत्र अनङ्कित पाँचौं श्रेणीको पद रिक्त भएमा मुख्य कार्य गर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका पद बाहेक अन्य रिक्त पदमा स्थायी पदपूर्ति गरिने छैन र यसरी मुख्य कार्य गर्ने भनी तोकेका पद बाहेकका राजपत्र अनङ्कित पाँचौं श्रेणीका अन्य पदबाट सम्पादन हुने काम सेवा करारबाट गराउनु पर्नेछ ।

(१८) उपदफा (४) वा (६) बमोजिम राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणी वा अधिकृत एघारौं र नवौं तहको पदमा खुला प्रतियोगिताबाट सिफारिस भई नियुक्ति भएको कर्मचारीको पहिलेको सेवा अवधि गणना गरिने छैन।"

१२. विधेयकको दफा ९ दफाक्रम मिलाउँदा कायम हुने दफा ११ को सट्टा देहायको दफा ११ राख्नेः-

"११. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः</u> (१) निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरुबीच मात्र र बाँकी पचास प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेदवारहरुबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम महिलाहरुबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका महिला उम्मेदवारहरुबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | |
|---|---|
| (क) दलित | तेऱ्ह प्रतिशत |
| (ख) आदिवासी जनजाति | छब्बीस प्रतिशत |
| (ग) खस आर्य | अठ्ठाइस प्रतिशत |
| (घ) मधेसी | सोह्र प्रतिशत |
| (ङ) थारु | पाँच प्रतिशत |
| (च) मुस्लिम | चार प्रतिशत |
| (छ) पिछडिएको क्षेत्र | चार प्रतिशत |
| (ज) अपाङ्गता भएका व्यक्ति | चार प्रतिशत |

<u>स्पष्टीकरण</u> : खण्ड (छ) र उपदफा (३) को खण्ड (छ) प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले तोकिए बमोजिमका स्थानीय तह सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिमको पद बाहेकको बाँकी पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका उम्मेदवारहरुबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | |
|---|---|
| (क) दलित | सोऱ्ह प्रतिशत |
| (ख) आदिवासी जनजाति | तेत्तीस प्रतिशत |
| (ग) विपन्न खस आर्य | दश प्रतिशत |

| | |
|---|---|
| (घ) मधेसी | बीस प्रतिशत |
| (ङ) थारु | सात प्रतिशत |
| (च) मुस्लिम | पाँच प्रतिशत |
| (छ) पिछडिएको क्षेत्र | पाँच प्रतिशत |
| (ज) अपाङ्गता भएका व्यक्ति | चार प्रतिशत |

<u>स्पष्टीकरण</u> : खण्ड (ग) को प्रयोजनको लागि "विपन्न खस आर्य" भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त खस आर्य समुदायको व्यक्ति र त्यसरी परिचयपत्र उपलब्ध नगराए सम्मको लागि तोकिए बमोजिम भन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरी पठाएको खस आर्य समुदायको व्यक्ति सम्झनु पर्छ ।

(४) उपदफा (२) बमोजिम कुनै समूहको महिलाको लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा त्यस्तो पदमा सोही उपदफा बमोजिम अन्य समूहको महिलाको लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवार मध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कुनै समूहको लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा सोही उपदफा बमोजिम अन्य समूहको लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवार मध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नु पर्नेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) वा (५) बमोजिम समेत पूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गरिनेछ र त्यसरी गरिएको विज्ञापनमा समेत पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा घाताङ्क आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(८) दफा १० र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) वा (३) बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामको लागि तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिहरुबीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ ।

(१०) यस दफा बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा राजपत्राङ्कित श्रेणी वा अधिकृतस्तरको पदमा एक पटक र राजपत्र अनङ्कित वा सहायकस्तरको पदमा एक पटक मात्र लिन पाउनेछ ।

(११) उपदफा (२) वा (३) बमोजिमको समूहको लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेश गर्नु पर्नेछ ।

(१२) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको हैसियतमा सो समूहबाट प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा प्रचलित कानून बमोजिमको “क”, “ख” वा “ग” वर्गको अपाङ्गताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

(१३) नेपाल सरकारले यस दफा बमोजिमको प्रावधान प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नेछ ।

(१४) उपदफा (२) र (३) बमोजिमका समुदायबाट सङ्घीय निजामती सेवामा रहेको प्रतिनिधित्वको विषयमा यो ऐन प्रारम्भ भएको एक वर्षभित्र मन्त्रालयले प्रतिवेदन तयार गरी सङ्घीय संसदको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।"

१३. विधेयकको दफा १० दफाक्रम मिलाउँदा कायम हुने दफा १२ को सट्टा देहायको दफा १२ राख्नेः-

"१२.लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुनेः (१) खुला प्रतियोगिता र अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।

(२) दफा १० र ११ बमोजिम पदपूर्तिको लागि लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ ।"

१४. विधेयकको दफा ११ को दफाक्रम मिलाउँदा कायम हुने दफा १३ को सट्टा देहायको दफा १३ राख्नेः-

"१३. <u>पदपूर्तिका लागि माग गर्ने</u>ः (१) सङ्घीय निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो निकाय समक्ष पठाउनु पर्नेछ ।

तर अनिवार्य अवकाशका कारण रिक्त हुने पदको हकमा अवकाश हुनुभन्दा छ महिना अगावै विवरण पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि सो निकायले सरुवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए राजपत्राङ्कित वा अधिकृतस्तरको पदको हकमा सेवा सञ्चालन गर्ने निकाय मार्फत माग फाराम भरी मन्त्रालयमा पठाउनु पर्नेछ र राजपत्र अनङ्कित वा सहायकस्तरको पदको हकमा पदपूर्तिको लागि पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा लोक सेवा आयोगमा पठाउन सम्बन्धित कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम राजपत्र अनङ्कित वा सहायक स्तरको पदमा लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा मागको आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ।

(४) मन्त्रालयले राजपत्राङ्कित वा अधिकृतस्तरको रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा लोक सेवा आयोगमा पुग्ने गरी पदपूर्तिको लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम मन्त्रालयले पदपूर्तिका लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सक्नेछ ।"

१५. विधेयकको दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा १५ को सट्टा देहायको दफा १५ राख्नेः-

"१५. <u>ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने</u>ः (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कुनै पदबाट सम्पादन गर्नुपर्ने काम सेवा करारबाट गराउनु पर्ने भएमा सो पदबाट सम्पादन गरिने कार्यको लागि नेपाल सरकारले निर्धारण गरेको सम्बन्धित पदको न्यूनतम पारिश्रमिक भन्दा

घटी नहुने गरी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट कार्यसम्पादन गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करार गर्दा त्यस्तो सेवा करार बमोजिम काम गर्ने व्यक्तिको लागि प्रचलित कानून बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था समेत गर्नु पर्नेछ ।"

१६. विधेयकको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १६ को,-

(१) उपदफा (१) मा रहेका "राजपत्राङ्कित विशिष्ट श्रेणी र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा नेपाल सरकारले र राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी वा सो सरहको पदमा" भन्ने शब्दहरुको सट्टा "राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणी वा सो सरहको पदमा नेपाल सरकारले र राजपत्राङ्कित द्वितीय वा तृतीय श्रेणी वा सो सरहको पदमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "राजपत्राङ्कित श्रेणी" को भन्ने शव्द हरुको सट्टा "राजपत्राङ्कित श्रेणी वा अधिकृत स्तरको" भन्ने शव्दहरु राख्ने ।

१७. विधेयकको दफा १६ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को सट्टा देहायको दफा १८ राख्नेः-

"१८. <u>उम्मेदवार हुनको लागि योग्यताः</u> (१) देहायको योग्यता भएको नेपाली नागरिक सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्नेछः-

(क) राजपत्र अनङ्कित वा सहायकस्तरको पदमा अठार वर्ष उमेर पूरा भएको,

(ख) राजपत्राङ्कित वा अधिकृतस्तरको पदमा एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा नभएको,

तर,

(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको सङ्घीय निजामती सेवाको पदमा चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(२) सङ्घीय निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारी वा यो ऐन प्रारम्भ भएपछि प्रदेश निजामती सेवा वा स्थानीय सेवामा स्थायी नियुक्ति भएका कर्मचारी चालीस वर्ष उमेर पुरा नभएसम्म खुला प्रतियोगितामा उम्मेदवार हुन सक्नेछ ।

(३) सङ्घीय निजामती सेवाको राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको पदको लागि हुने खुला प्रतियोगितामा चालीस वर्ष ननाघेको व्यक्ति तथा नेपाल स्वास्थ्य सेवाको अधिकृत एघारौं र नवौं तहको पदको लागि हुने खुला प्रतियोगितामा पैंतालिस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(४) दफा ११ को उपदफा (३) को खण्ड (ज) बमोजिम अपाङ्गता भएको व्यक्तिको लागि छुट्याइएको पदको लागि चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(५) यस ऐन बमोजिम अन्तर तह प्रतियोगिता वा बढुवाको लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

(६) नेपाल स्वास्थ्य सेवामा बहाल रही सो सेवाको आठौं (चिकित्सक) पदको लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेका निजामती कर्मचारीलाई सो पदमा खुला प्रतियोगिताको लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको ।

(२) देहायको व्यक्ति सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह, जातीय छुवाछुत तथा भेदभाव वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त गरिएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

१८. विधेयकको दफा १७ दफाक्रम मिलाउँदा कायम हुने दफा १९ को उपदफा (२) मा रहेको "साठी दिन" भन्ने शव्दको सट्टा "पन्ध्र दिन" भन्ने शव्दहरु राख्ने ।

१९. विधेयकको दफा १८ दफाक्रम मिलाउँदा कायम हुने दफा २० को सट्टा देहायको दफा २० राख्नेः-

"२०. शपथ ग्रहणः सङ्घीय निजामती सेवाको राजपत्र अनङ्कित वा सहायकस्तरको पदमा तथा राजपत्राङ्कित वा अधिकृतस्तरको पदमा पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक निजामती कर्मचारीले तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।"

२०. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

"(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा त्यस्तो कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये वरिष्ठतम् कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले थप आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैं गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ ।"

२१. विधेयकको दफा २२ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) निजामती कर्मचारीलाई सरुवा गर्दा अनिवार्य रुपमा चक्रीय प्रणाली अवलम्बन गरिनेछ । यसरी सरुवा गर्दा निजामती कर्मचारीलाई सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउने, पूर्वानुमानयोग्य र पारदर्शी हुने गरी तोकिए बमोजिमको आधार र प्राथमिकता बमोजिम गरिनेछ ।"

(२) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "निजामती कर्मचारीको" भन्ने शव्दहरु पछि "वैदेशिक नियोगमा गरिने" भन्ने शव्दहरु थप्ने ।

(३) उपदफा (६) मा रहेको "जुनसुकै बखत" भन्ने शव्दहरुको सट्टा "आवश्यकता अनुसार" भन्ने शव्दहरु राख्ने ।

(४) उपदफा (९) पछि देहायको उपदफा (१०) र (११) थपी उपदफाक्रम मिलाउनेः-

"(१०) दफा ७ को उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गरिएका विभागीय प्रमुख, आयोजना प्रमुख वा कार्यालय प्रमुखलाई आर्थिक वर्ष पुरा नहुँदै सरुवा गर्नु परेमा निजको सम्झौता बमोजिमको कार्य प्रगति अवस्था र सरुवा गर्नुपर्नाका वस्तुगत कारण स्पष्ट खोली मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(११) कुनै संवैधानिक निकायमा बहाल रहेका कुनै विशिष्टिकृत कामको विशेषज्ञता कायम भएका वा विशेष गोपनीयता कायम गर्नु पर्ने प्रकृतिका निजामती कर्मचारीलाई त्यस्तो निकायबाट अन्यत्र सरुवा गर्दा सम्बन्धित निकायसँग परामर्श गरी सरुवा गर्नु पर्नेछ ।"

२२. विधेयकको दफा २३ दफाक्रम मिलाउँदा कायम हुने दफा २५ मा रहेको "प्रयोजनको लागि" भन्ने शव्दहरु पछि "स्थानीय तहको भौगोलिक विकटतालाई आधार मानी" भन्ने शव्दहरु थप्ने।

२३. विधेयकको दफा २४ दफाक्रम मिलाउँदा कायम हुने दफा २६ को सट्टा देहायको दफा २६ राख्ने :-

"२६. काज सम्बन्धी व्यवस्था: (१) निजामती कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गतको कार्यालयमा एक आर्थिक वर्षमा बढीमा तीन महिनाको लागि मात्र काज खटाउन सकिनेछ ।

तर निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन, तालिम, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा संक्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन लगायतका काम र अस्थायी प्रकृतिका आयोग वा समितिको काम गर्न कुनै निजामती कर्मचारीलाई सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले मन्त्रालयको सहमति लिई बढीमा एक वर्षसम्म काज खटाउन सक्नेछ ।

(२) कुनै निजामती कर्मचारीलाई सङ्घीय निजामती सेवाको पद नभएको निकाय वा नेपाल सरकारको आयोजनाका लागि स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा राजपत्र अनङ्कित वा सहायक स्तरका कर्मचारीको हकमा सम्बन्धित केन्द्रीय निकायको र राजपत्राङ्कित वा अधिकृतस्तरको कर्मचारीको हकमा मन्त्रालयको सहमति लिई बढीमा एक आर्थिक वर्षका लागि काज खटाउन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत काजमा खटाउनु पर्ने भएमा काज खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयले काज खटाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीलाई प्रदेश वा स्थानीय तहको माग बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान श्रेणी वा तहको मिल्दो रिक्त पदमा एक पटकमा बढीमा दुईवर्षको लागि खटिएको तहबाटै तलब भत्ता खाने गरी काज खटाउन सकिनेछ।

(५) प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा विशेषज्ञ सेवा प्रदान गर्न तोकिए बमोजिमका विशिष्टिकृत पदहरुमा आवश्यकताका आधारमा नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुलाई निश्चित समय अवधि तोकी काजमा खटाउन सकिनेछ ।

(६) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्नेछ । काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी गरिने छैन। त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा सम्बन्धित कार्यालय प्रमुख, लेखा प्रमुख र भुक्तानी दिने कर्मचारीबाट असूल उपर गरिनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारीलाई विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काज खटाइने छैन ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय निजामती सेवाको कुनै सेवा, समूह, उमसमूह वा श्रेणीको दरबन्दीमा अन्य सेवा, समूह, उपसमूह वा श्रेणीको कर्मचारी वा प्रदेश वा स्थानीय तहको सेवाका कर्मचारीलाई काजमा खटाइने छैन ।

(९) यस दफा विपरीत मन्त्रालयले खटाएको काज नेपाल सरकारले र अन्य निकाय वा अधिकारीले खटाएको काज मन्त्रालयले बदर गर्न सक्नेछ र त्यसरी काज खटाउने अधिकारीलाई विभागीय कारबाही हुनेछ।"

२४. विधेयकको दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २८ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखेः-

"(३) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा बढुवा गर्दा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको तथा दफा ९३ बमोजिमको नकारात्मक सूचीमा नपरेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा सबैभन्दा बढी सेवा अवधि भएको सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिशमा नेपाल सरकारले बढुवा गर्नेछ ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६), (७), (८), (९) र (१०) थपी उपदफाक्रम मिलाउनेः-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवा राजपत्राङ्कित विशिष्ट श्रेणीको पद बाहेक अन्य राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढूवा गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सेवाको समूहीकरण (क्लष्टर) गरिएको छः-

(क) नेपाल इन्जिनियरिङ्ग सेवा,

(ख) नेपाल कृषि तथा वन सेवा,

(ग) नेपाल प्रशासन सेवा,

(घ) नेपाल स्वास्थ्य सेवा।

(५) उपदफा (४) बमोजिमको समूहीकरण (क्लष्टर) बाट राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्दा देहाय बमोजिमको निजामती कर्मचारीहरुबाट बढुवा गरिनेछः-

(क) नेपाल इन्जिनियरिङ्ग सेवाको समूहीकरण (क्लष्टर) बाट नेपाल इन्जिनियरिङ्ग सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारी,

(ख) नेपाल कृषि तथा वन सेवाको समूहीकरण (क्लष्टर) बाट नेपाल कृषि सेवा र नेपाल बन सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारी,

(ग) नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) बाट नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल प्रशासन सेवा, नेपाल विविध सेवा र नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारी, र

(घ) नेपाल स्वास्थ्य सेवाको समूहीकरण (क्लष्टर) बाट नेपाल स्वास्थ्य सेवाका बाह्रौं तहका कर्मचारी ।"

(६) उपदफा (५) बमोजिमको नेपाल स्वास्थ्य सेवाको समूहीकरण (क्लष्टर) बाट राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा दफा १०९ बमोजिम बढुवा हुनेछ ।

(७) उपदफा (४) बमोजिमको समूहीकरण (क्लष्टर) बाट राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा हुने पदसङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा (७) बमोजिम विभिन्न समूहीकरण (क्लष्टर) बाट बढुवा हुने सङ्ख्या निर्धारण गर्दा त्यस्तो सेवाका कुल कर्मचारी सङ्ख्याको अनुपातको आधारमा निर्धारण गरिनेछ ।

(९) नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवा बाहेक राजपत्राङ्कित विशिष्ट श्रेणीको निजामती कर्मचारी जुनसुकै कारणले पदमा नरहेमा निज उपदफा (४) बमोजिमको जुन समूहीकरण (क्लस्टर) को पदबाट बढुवा भएको हो सोही समूहीकरण (क्लस्टर) बाट बढुवा गरी पूर्ति गरिनेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी कानून बमोजिम निजामती सेवा वा नेपाल स्वास्थ्य सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवाको एघारौं तहको पदमा समायोजन भएको कर्मचारी समेत समायोजन हुनु पूर्व बहाल रहेको सेवाको समूहीकरण (क्लष्टर) तर्फबाट राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछ ।"

(३) उपदफा (५) झिक्ने ।

२५. विधेयकको दफा २७ दफाक्रम मिलाउँदा कायम हुने दफा २९ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "वा सहायकस्तरका" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेका "वा अधिकृतस्तरका" भन्ने शब्दहरु झिक्ने ।

(३) उपदफा (३) मा रहेका "तोकिए बमोजिमको" भन्ने शव्दहरुको सट्टा "सेवा प्रवेश गर्दाको वखत निर्धारित" भन्ने शव्दहरु राख्ने ।

(४) उपदफा (५) झिक्ने ।

२६. विधेयकको दफा २८ दफाक्रम मिलाउँदा कायम हुने दफा ३० को सट्टा देहायको दफा ३० राख्नेः-

"३०. सम्भाव्य उम्मेदवार हुन नपाउनेः (१) दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) तलब कट्टा भएकोमा तलब कट्टा भएको एक वर्षसम्म,

(घ) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(ङ) तलब बृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(च) दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षसम्म,

(छ) नेपाल स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति देहायको अवधिभर खुला प्रतियोगिता वा अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि समेत सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) प्रचलित कानून बमोजिम निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) यो ऐन वा सेवा शर्त सम्बन्धी अन्य कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएको अवधिभर ।

२७. विधेयकको दफा ३० दफाक्रम मिलाउँदा कायम हुने दफा ३२ को सट्टा देहायको दफा ३२ राख्नेः-

"३२. बढुवाः (१) बढुवा समितिले बढुवाको लागि सिफारिस गर्दा देहायका कर्मचारी मध्ये जेष्ठ कर्मचारीको नाम सिफारिस गर्नेछः-

(क) दफा २९ बमोजिम बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुरा गरेको,

(ख) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको,

(ग) बढुवा हुने पदभन्दा एक श्रेणी वा तह मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा तीस कार्य दिन वा सोभन्दा बढीको सेवाकालीन तालीम लिएको,

(घ) दफा ३० बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको ।

(२) उपदफा (१) को प्रयोजनको लागि जेष्ठता निर्धारण गर्दा देहायको आधारमा निर्धारण गरिनेछः-

(क) हाल बहाल रहेको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा भौगोलिक क्षेत्र वापत बढी अङ्क प्राप्त गरेको आधारमा,

(ग) खण्ड (ख) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरेको आधारमा,

(ङ) खण्ड (घ) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पद भन्दा एक श्रेणी मुनिको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(च) खण्ड (ङ) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा उमेरको जेष्ठताको आधारमा ।"

२८. विधेयकको दफा ३१ झिकी दफाक्रम मिलाउने ।

२९. विधेयकको दफा ३२ दफाक्रम मिलाउँदा कायम हुने दफा ३३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम — साठी अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम — पच्चीस अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम — पन्ध्र अङ्क"

(२) उपदफा (१३) को प्रतिबन्धात्मक वाक्यांश झिक्ने ।

(३) उपदफा (१४) को ठाउँ ठाउँमा रहेका "सुपरिवेक्षक र पुनरावलोकनकर्ता" भन्ने शब्दहरुको सट्टा "सुपरिवेक्षक, पुनरावलोकनकर्ता वा पुनरावलोकन समिति" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा पछि देहायको उपदफा (१५) थपी उपदफाक्रम मिलाउनेः-

"(१५) यस दफा बमोजिम कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क दिँदा कार्यसम्पादन सम्झौता बमोजिमको कार्य प्रगति पचहत्तर प्रतिशत भन्दा कम हुने निजामती कर्मचारीलाई नब्बे प्रतिशत भन्दा बढी अङ्क दिइने छैन ।"

३०. विधेयकको दफा ३३ झिकी दफाक्रम मिलाउने ।

३१. विधेयकको दफा ३४ को,

(१) उपदफा (१) मा रहेका "सोह्र अंकमा" भन्ने शब्दहरुको सट्टा "बीस अंकमा" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (घ) राख्नेः-

"(क) “क” वर्गमा काम गरेको प्रत्येक वर्षको लागि पाँच अङ्क,

(ख) “ख” वर्गमा काम गरेको प्रत्येक वर्षको लागि चार अङ्क,

(ग) “ग” वर्गमा काम गरेको प्रत्येक वर्षको लागि तीन अङ्क,

(घ) “घ” वर्गमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्क ।"

(२) उपदफा (५) मा रहेका "काम गर्ने कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "काम गर्ने निजामती कर्मचारी वा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति वा नेपाल सरकारको खर्चमा अध्ययन वा वैदेशिक तालिममा जाने निजामती कर्मचारीलाई" भन्ने शब्दहरु राख्ने र सोही उपदफामा रहेका "काजमा जाने" भन्ने शब्दहरु पछि "अन्य" भन्ने शब्द थप्ने ।

३२. विधेयकको दफा ३५ को सट्टा देहायको दफा ३५ राख्नेः-

"३५. <u>शैक्षिक योग्यता र तालिमः</u> (१) निजामती कर्मचारीहरुको शैक्षिक योग्यताको गणना गर्दा सेवा, समूह वा उपसमूहको सम्बन्धित पदमा सेवा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यतालाई गणना गरिनेछ ।

(२) राजपत्राङ्कित द्वितीय श्रेणीभन्दा माथिको पदमा बढुवाको लागि पनि राजपत्राङ्कित तृतीय श्रेणीको सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

तर खुला प्रतियोगिताद्वारा पूर्ति हुने राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणी वा सो सरहको पदको लागि तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गर्नु पर्नेछ ।

(३) निजामती कर्मचारीले लिएको तालिमको गणना गर्दा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिमलाई गणना गरिनेछ । यसरी तालिमको गणना गर्दा जुन श्रेणीमा छँदा तालिमको लागि मनोनयन भएको हो सोही श्रेणीबाट एक श्रेणी माथीको पदमा बढुवाको लागि मात्र गणना गरिनेछ ।

(४) निजामती कर्मचारीले बढुवाको दरखास्त साथ शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ र त्यस्तो प्रमाणपत्र पेश नगरेमा त्यस्तो शैक्षिक योग्यता वा तालिमलाई मान्यता दिइने छैन ।

(५) निजामती कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ । बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यतालाई सो बढुवाको लागि मान्यता दिइनेछ ।

(६) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(७) निजामती कर्मचारीलाई तालिमको लागि मनोनयन गर्दा तालिमको आवश्यकता मूल्याङ्कन गरी ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्नेछ ।"

३३. विधेयकको दफा ३६ को उपदफा (२) पछि देहायको उपदफा (३) थप्नेः-

"(३) यस ऐन बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता वा बढुवाका लागि दरखास्त माग गर्दा विद्युतीय माध्यमबाट दरखास्त माग गर्न सकिनेछ ।"

३४. विधेयकको दफा ३७ झिकी दफाक्रम मिलाउने ।

३५. विधेयकको दफा ३८ दफाक्रम मिलाउँदा कायम हुने दफा ३७ को,-

(१) दफा शीर्षकमा रहेका "बढुवा मिति र बढुवा नियुक्ति" भन्ने शब्दहरुको सट्टा "बढुवा नियुक्ति र उजुरी" भन्ने शव्दहरु राख्ने ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३), (४) र (५) थप्नेः-

"(३) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र लोकसेवा आयोगमा उजूरी दिन सक्नेछ र त्यसरी परेको उजूरीमा उजूरी गर्ने म्याद समाप्त भएको मितिले तीस दिनभित्र टुङ्गो लगाइनेछ ।

(४) उपदफा (१) बमोजिम पर्न आएका उजूरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

(५) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुठा विवरण पेश गरेको प्रमाणित भएमा निजलाई विभागीय कारबाही गरिनेछ र सो आधारमा कुनै कर्मचारीको बढुवा भएको भएमा निजको बढुवा समेत रद्द गरिनेछ ।"

३६. विधेयकको दफा ३९ झिकी दफाक्रम मिलाउने ।

३७. विधेयकको दफा ४० दफाक्रम मिलाउँदा कायम हुने दफा ३८ को उपदफा (१) मा रहेको "दफा ५४ को उपदफा (१) वा (२) बमोजिम" भन्ने शव्दहरुको सट्टा "उमेर हदको कारण अनिवार्य" भन्ने शव्दहरु राखे ।

३८. विधेयकको दफा ४१ दफाक्रम मिलाउँदा कायम हुने दफा ३९ मा रहेका "दफा २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३८, ३९" भन्ने शब्दहरुको सट्टा "दफा २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३७, ३८" भन्ने शब्दहरु राखे ।

३९. विधेयकको दफा ४३ दफाक्रम मिलाउँदा कायम हुने दफा ४१ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद दफा १० र ११ बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता वा बढुवाबाट लगातार दुई वर्षसम्म पदपूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नु पर्ने भएमा नेपाल सरकारले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेको "सहमति माग भएमा" भन्ने शव्दहरुको सट्टा "लेखी आएमा" भन्ने शव्दहरु राखे ।

४०. विधेयकको दफा ४४ दफाक्रम मिलाउँदा कायम हुने दफा ४२ को,-

(१) उपदफा (१) मा रहेको "कर्मचारीले" भन्ने शव्द पछि "कार्यालयमा" भन्ने शव्द थप्ने ।

(२)उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) निजामती कर्मचारीको तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन ।"

४१. विधेयकको दफा ४५ दफाक्रम मिलाउँदा कायम हुने दफा ४३ को,-

(१) दफा शीर्षक र ठाउँ ठाउँमा रहेको "पकाएको" भन्ने शव्दको सट्टा "काम गरेको अवधिको" भन्ने शव्दहरु राखे ।

(२) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर कुनै कर्मचारीसँग सरकारले असुल गर्नुपर्ने रकम रहेको भए सो रकम असुल उपर गरी बाँकी रकम मात्र भुक्तानी दिनु पर्नेछ ।"

(३)उपदफा (३) झिक्ने ।

४२. विधेयकको दफा ५० दफाक्रम मिलाउँदा कायम हुने दफा ४८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) निजामती कर्मचारीले सेवा अवधिभरमा राजपत्राङ्कित श्रेणी वा अधिकृतस्तरको कर्मचारी भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारी वा सो सरह वा सो भन्दा बढी तलब सुविधा पाउने राजपत्र अनङ्कित पाँचौं श्रेणीको कर्मचारी भए अठार महिना बराबरको र अन्य **राजपत्र अनङ्कित कर्मचारी** भए एक्काईस महिना बराबरको खाईपाई आएको तलब रकमसम्म तोकिए बमोजिम उपचार खर्च पाउनेछन्।"

(२)उपदफा (५) पछि देहायको उपदफा (६) थप्नेः-

"(६) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना, प्रकोप वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको उपचारमा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछ । यसरी उपचार गराउँदा उपलव्ध भएसम्म सरकारी अस्पतालमा गराउनु पर्नेछ ।

तर सरकारी अस्पतालमा उपचार सम्भव नभएको अवस्थामा नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डको सिफारिसमा अन्य अस्पतालमा उपचार गर्न बाधा पर्ने छैन ।"

४३. विधेयकको दफा ५१ दफाक्रम मिलाउँदा कायम हुने दफा ४९ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर यस्तो सुविधा निजामती कर्मचारीले सेवा अवधिभर एकपटक मात्र लिन सक्नेछ ।"

४४. विधेयकको दफा ५२ दफाक्रम मिलाउँदा कायम हुने दफा ५० मा रहेको "त्यस्तो निजामती कर्मचारीले खाईपाई आएको बाह्र महिनाको तलब बराबरको रकम" भन्ने शव्दहरुको सट्टा "पाँच लाख रुपैयाँ" भन्ने शव्दहरु राख्ने ।

४५. विधेयकको दफा ५३ दफाक्रम मिलाउँदा कायम हुने दफा ५१ को,-

(१) दफा शीर्षक तथा उपदफा (१) मा रहेको "पुनरावलोकन" भन्ने शब्द पछि "तथा सिफारिस" भन्ने शव्दहरु थप्ने ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।"

४६. विधेयकको दफा ५४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५२ को सट्टा देहायको दफा ५२ राख्नेः-

"५२. <u>अनिवार्य अवकाशः</u> (१) निजामती कर्मचारीले साठी बर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवा बाहेक अन्य सेवाका निजामती कर्मचारीको हकमा देहायको अवधिसम्मको लागि अनिवार्य अवकाश हुने उमेरको हद देहाय बमोजिम हुनेछः-

(क) यो ऐन प्रारम्भ भएको मितिले एक वर्षसम्मको लागि अन्ठाउन्न वर्ष,

(ख) यो ऐन प्रारम्भ भए पछिको थप दुई वर्ष सम्मको लागि उनान्साठी वर्ष ।

(३) दफा २२ र १०९ मा उल्लिखित कर्मचारीको हकमा सो बमोजिमको पदावधि वा उपदफा (१) वा (२) बमोजिमको उमेर मध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा अवकाश हुनेछ ।"

४७. विधेयकको दफा ५६ दफाक्रम मिलाउँदा कायम हुने दफा ५४ मा रहेको "सेवा अवधिमा" भन्ने शव्दहरु पछि "बीस बर्ष ननाघ्ने गरी" भन्ने शव्दहरु थप्ने ।

४८. विधेयकको दफा ५८ दफाक्रम मिलाउँदा कायम हुने दफा ५६ को स्पष्टीकरण खण्डको सट्टा देहायको स्पष्टीकरण खण्ड राख्नेः-

"स्पष्टीकरण : यस दफा र दफा ५७ को प्रयोजनको लागि “आखिरी तलब” भन्नाले सम्बन्धित निजामती कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलब सम्झनु पर्छ ।"

४९. विधेयकको दफा ५९ दफाक्रम मिलाउँदा कायम हुने दफा ५७ को,-

(१)उपदफा (४), (५) र (६) को सट्टा देहायको उपदफा (४), (५) र (६) राख्नेः-

"(४) कुनै सरकारी पदमा अघि गरेको सेवा वापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि सङ्घीय निजामती सेवाको पदमा नियुक्ति भएमा निजले अवकाश भएको पदको निवृत्तभरण पाउने छैन ।

तर त्यस्तो कर्मचारी निज सङ्घीय निजामती सेवाको पदबाट अवकाश भएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तभरण लिन पाउनेछ ।

(५) संवत् २०४९ साल कार्तिक २१ गते भन्दा अघिदेखि निजामती सेवामा बहाल भई उमेर हदका कारणबाट दफा ५२ को उपदफा (२) बमोजिम अनिवार्य अवकाश हुने निजामती कर्मचारीको सेवा अवधिमा निवृत्तभरण प्रयोजनको लागि साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा दुई वर्ष अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ ।

(६) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्धन्दका कारण वा दुर्घटना वा प्रकोपमा परी कुनै निजामती कर्मचारीको अङ्गभङ्ग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रुपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो निजामती कर्मचारीको सेवा अवधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी उपदफा (१) बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

तर सो बमोजिम नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्धन्दका कारण वा दुर्घटनामा परी कुनै निजामती कर्मचारीको तत्काल मृत्यू भएमा वा त्यसको कारणवाट निको नहुदै पछि मृत्यू भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्ष पुरा भएको भएमा सेवा अवधिको आधारमा

र बीस वर्ष नपुगेको भएमा बीस वर्ष पुग्न बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ५८ बमोजिमको पारिवारिक निवृत्तभरणको रकम आजीवन दिईनेछ ।

<u>स्पष्टीकरण</u> : यस उपदफाको प्रयोजनको लागी "दुर्घटना" भन्नाले सरकारी कामको सिलसिलामा यात्रा गर्दा भएको सवारी दुर्घटना, सरकारी कामको सिलसिलामा विपद् वा प्रकोपमा परी भएको दुर्घटना वा प्रकोपको उद्धार वा व्यवस्थापनमा खटिएको अवस्थामा भएको दुर्घटना सम्झनु पर्छ ।"

(२)उपदफा (६) पछि उपदफा (७) र (८) थप्नेः-

"(७) बहालवाला निजामती कर्मचारीको तलव बृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तभरण रकम वा दफा ५८ बमोजिमको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

(८) निवृत्तभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

५०. विधेयकको दफा ६० झिकी दफाक्रम मिलाउने ।

५१. विधेयकको दफा ६१ दफाक्रम मिलाउँदा कायम हुने दफा ५८ को सट्टा देहायको दफा ५८ राख्नेः-

"५८. <u>पारिवारिक निवृत्तभरण र उपदान</u>ः (१) कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजको परिवारका सदस्य वा निजले इच्छाएको व्यक्तिलाई दफा ५६ वा ५७ मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण त्यस्तो मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्ष पछि, निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भए पछि र निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउनेछ ।

तर त्यस्तो पति वा पत्नी मासिक पारिश्रमिक पाउने कुनै सरकारी लाभको पदमा रहेको भएमा सो अवधिभर वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरण सुविधा पाउने छैन ।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको छोरा छोरीले एक्काइस वर्ष उमेर पुरा नभएसम्म उपदफा (१) वा (२) बमोजिमको निवृत्तभरण रकम तोकिए बमोजिम दामासाहीले पाउनेछ ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो निजामती कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक

रहेछन् भने उपदफा (२) बमोजिम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तभरण वापत रकम दिइनेछ ।

(५) कुनै निजामती कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा यस ऐन बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(६) निवृत्तभरण वा उपदान दिँदा मृत निजामती कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाई, दिदी, बहिनी मध्ये कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबु आमा, बाजे बज्यै, सासु ससुरालाई दिइनेछ ।

(७) पारिवारिक निवृत्तभरण र उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

५२. विधेयकको दफा ६२ दफाक्रम मिलाउँदा कायम हुने दफा ५९ को उपदफा (१) मा रहेको "सेवा" भन्ने शव्द झिक्ने ।

५३. विधेयकको दफा ६४ झिकी दफाक्रम मिलाउने

५४. विधेयकको दफा ६५ दफाक्रम मिलाउँदा कायम हुने दफा ६१ को सट्टा देहायको दफा ६१ राख्नेः-

"६१. <u>निवृत्तभरण नपाउनेः</u> (१) यस ऐन बमोजिम निवृत्तभरण वा पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले देहायको अवस्थामा त्यस्तो निवृत्तभरण पाउने छैन :-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह, जातीय छुवाछुत तथा भेदभाव वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा,

(ख) प्रचलित कानून बमोजिम राज्य विरुद्धको कसूर मानिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा,

(ग) निजले विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको भएमा,

(घ) सामाजिक सञ्जाल वा कुनै सञ्चारमाध्यम मार्फत सामाजिक द्वेष वा कलह बढ्ने र हिंसा भड्किने गरी राज्यविरुद्धको कुनै अभिव्यक्ति दिएको वा गोप्य राख्नु पर्ने सूचना खुलासा गरेको पुष्टि भई नेपाल सरकारले निवृत्तभरण नपाउने निर्णय गरेमा।

(२) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो फैसला उपर पुनरावेदन परी सफाई पाएमा बीचको निवृत्तभरण नपाएको अवधिको निवृत्तभरण समेत पाउनेछ ।

(३) निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश भई निवृत्तभरण प्राप्त गरेका व्यक्ति राज्यको कुनै लाभको पदमा नियुक्त भएमा सो अवधिभर निजले उक्त पदको मासिक तलब सुविधा वा निवृत्तभरण मध्ये एकमात्र छनौट गरी लिनु पर्नेछ । यस विपरीत सुविधा लिएको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।"

५५. विधेयकको दफा ६६ दफाक्रम मिलाउँदा कायम हुने दफा ६२ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

"(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तभरण पाउने निजामती कर्मचारीले दफा ५५, ५६, ५७, ५८, ५९ र ६० बमोजिमका सुविधा पाउने छैन ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थप्नेः-

"(५) उपदफा (१) बमोजिम नियुक्त भई दफा ५७ को उपदफा (६) बमोजिम नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द, दुर्घटना वा प्रकोपमा परी मृत्यु भएको निजामती कर्मचारीको परिवारलाई एकमुष्ट दश लाख रुपैयाँ थप आर्थिक सहायता उपलब्ध गराइनेछ ।"

५६. विधेयकको दफा ६७ दफाक्रम मिलाउँदा कायम हुने दफा ६३ को,-

(१)उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) नेपाल सरकारले निजामती कर्मचारीको सीप र क्षमता वृद्धिको लागि अनिवार्य सेवा प्रवेश तालिमको साथै आवश्यकता अनुसार सेवाकालिन तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ।"

(२)उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपी उपदफाक्रम मिलाउनेः-

"(३) उपदफा (१) र (२) बमोजिम राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह वा सो भन्दा मुनीका सबै कर्मचारीलाई प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक कामसँग सम्बन्धित तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) कुनै निकायमा सरुवा वा पदस्थापन भएको निजामती कर्मचारीलाई निजले सम्पादन गर्नुपर्ने कामको सम्बन्धमा सम्बन्धित निकायले तोकिए बमोजिमको अभिमुखिकरण तालिम दिनु पर्नेछ ।"

५७. विधेयकको दफा ६८ दफाक्रम मिलाउँदा कायम हुने दफा ६४ को,-

(१)उपदफा (१) को स्पष्टीकरण खण्डको (१) को सट्टा देहायको स्पष्टीकरण खण्ड (१) राख्नेः-

"(१) "तालिम" भन्नाले अध्ययन बाहेक नेपाल सरकारले तोकेको वा स्वीकृति दिएको कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने आफ्नो कार्य क्षेत्र र विषयसँग सम्बन्धित सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ ।"

(२)उपदफा (५) मा रहेका "कर्मचारीबीच" भन्ने शब्द पछि "समान र" भन्ने शब्दहरु थप्ने ।

(३)उपदफा (५) पछि देहायको उपदफा (६) थपी उपदफाक्रम मिलाउनेः-

"(६) उपदफा (५) बमोजिम बाँडफाँड भएको सीटमा अध्ययन वा तालिमको लागी सङ्घ, प्रदेश वा स्थानीय तहको सम्बन्धित निकायले कर्मचारी मनोनयन गरी पठाउनु पर्नेछ र त्यसरी मनोनयन भएको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।"

५८. विधेयकको दफा ७० दफाक्रम मिलाउँदा कायम हुने दफा ६६ को उपदफा (५) मा रहेका "अध्ययन, तालीम र अध्ययन भ्रमणमा" भन्ने शव्दहरुको सट्टा "अध्ययनमा" भन्ने शव्द राख्ने ।

५९. विधेयकको दफा ७२ दफाक्रम मिलाउँदा कायम हुने दफा ६८ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नेः-

"(ग) अन्य कर्मचारी प्रति उचित आदर र सम्मानजनक व्यवहार गर्नु पर्ने,"

(२)खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप्नेः-

"(ङ) कार्यालयमा तोकिए बमोजिमको पोशाक लगाउनु पर्ने ।"

६०. विधेयकको दफा ७९ दफाक्रम मिलाउँदा कायम हुने दफा ७४ कोः-

(१) उपदफा (५) मा रहेका "राजपत्राङ्कित विशिष्ट र राजपत्राङ्कित" भन्ने शब्दहरुको सट्टा "राजपत्राङ्कित विशिष्ट वा" भन्ने शब्दहरु राख्ने र सोही उपदफामा रहेका "नेपाल सरकारको पुर्व स्वीकृती बिना" भन्ने शव्दहरु झिक्ने ।

(२) उपदफा (५) पछि देहायको उपदफा (६) थपी उपदफाक्रम मिलाउनेः-

"(६) राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षपछि नेपाल सरकारको पूर्व स्वीकृति लिई उपदफा (५) बमोजिमका काम गर्न सक्नेछ ।"

(३) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरुको सट्टा "उपदफा (५) वा (६)" भन्ने शब्दहरु राख्ने ।

६१. विधेयकको दफा ८४ दफाक्रम मिलाउँदा कायम हुने दफा ८० पछि देहायको दफा ८१ थपी दफाक्रम मिलाउनेः-

"८१. <u>सेवाग्राहिप्रतिको व्यवहारः</u> (१) निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्नेछ ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र काम सम्पादन गर्न लाग्ने समयसमेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ ।"

६२. विधेयकको दफा ८५ दफाक्रम मिलाउँदा कायम हुने दफा ८१ को उपदफा (१) मा रहेका "तोकिएको अवधिभित्र" भन्ने शब्दहरु झिक्ने ।

६३. विधेयकको दफा ८८ दफाक्रम मिलाउँदा कायम हुने दफा ८४ को खण्ड (क) मा रहेको "शरीर बन्धक," भन्ने शव्द पछि "जातीय छुवाछुत, बहुविवाह," भन्ने शव्दहरु थप्ने ।

६४. विधेयकको दफा ९१ दफाक्रम मिलाउँदा कायम हुने दफा ८७ को खण्ड (क) को उपखण्ड (१) पछि देहायको उपखण्ड (२) थपी उपखण्डक्रम मिलाउनेः-

"(२) बढीमा दश दिनको तलब कट्टा गर्ने,"

६५. विधेयकको दफा ९२ दफाक्रम मिलाउँदा कायम हुने दफा ८८ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) उत्तरदायित्व पन्छाएमा, जिम्मेवारी बहन नगरेमा वा कामकारबाहीमा अनुचित ढिलाई गरेमा,"

(२) खण्ड (ग) मा रहेको "कानून बमोजिम" भन्ने शव्दहरु पछि "रमाना नबुझेमा वा" भन्ने शव्दहरु थप्ने ।

(३) खण्ड (ज) पछि देहायको खण्ड (झ) थप्नेः-

"(झ) दफा ७ को उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गरेकोमा काबु बाहिरको परिस्थितिमा बाहेक सम्झौता अनुसार कार्य प्रगति पचहत्तर प्रतिशत भन्दा कम रहेमा,"

६६. विधेयकको दफा ९२ दफाक्रम मिलाउँदा कायम हुने दफा ८८ पछि देहायको दफा ८९ थपी दफाक्रम मिलाउनेः-

"८९. बढीमा दश दिनको तलब कट्टा गर्नेः देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई बढीमा दश दिनको तलब कट्टा गर्ने सजाय गर्न सकिनेछः-

(क) सेवा प्रवाहमा ढिलासुस्ती गरेमा वा सेवाग्राहीलाई हानी नोक्सानी हुने अवस्था सिर्जना गरेमा,

(ख) सरकारी कार्यालयको सम्पत्तिको दुरुपयोग गरेमा,

(ग) सेवाग्राही, पदाधिकारी वा अन्य कर्मचारीलाई अपमानजनक कार्य गरेमा,

(घ) कार्यसम्पादन गर्ने सन्दर्भमा आफुभन्दा माथिल्लो तहमा पेश गर्ने फाईल, जानकारी वा सूचना निर्धारित समयसिमा भित्र पेश नगरेमा वा ढिलासुस्ती गरेमा वा नियतवश गलत सूचना पेश गरेमा ।"

६७. विधेयकको दफा ९३ दफाक्रम मिलाउँदा कायम हुने दफा ९० को,-

(१) उपदफा (१) को खण्ड (झ) मा रहेका "वा कैदमा नै बस्नु नपर्ने गरी एक वर्ष भन्दा बढि अवधिको कैदको सजाय हुने ठहरी" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (१) को खण्ड (झ) पछि देहायको खण्ड (ञ), (ट), (ठ) र (ड) थप्नेः

"(ञ) दफा ८ बमोजिमको जिम्मेवारी र दायित्व पालना नगरेमा,

(ट) काबु बाहिरको परिस्थितीमा बाहेक बदनियत चिताई वा लापरबाही वा हेलचेत्र्याइँ गरी दफा ६ को उपदफा (२) बमोजिमको कार्यविवरण वा सो दफाको उपदफा (३) बमोजिमको कार्यसम्पादन सम्झौता बमोजिमको कार्य सम्पादन नगरेमा,

(ठ) कार्य सम्पादन मूल्याङ्कन गर्ने सुपरीवेक्षक वा पुनरावलोकनकर्ताले काबु बाहिरको परिस्थितिमा बाहेक कार्यसम्पादन सम्झौता बमोजिम कार्य प्रगति अवस्था सन्तोषजनक नरहेको कर्मचारीलाई समेत कार्य सम्पादन मुल्याङ्कनमा अति उत्तम स्तरको अङ्क दिएमा वा कार्य सम्पादन सम्झौता बमोजिम कार्य प्रगति उत्कृष्ट रहेको कर्मचारीलाई कार्यप्रगतिको अनुपातमा कम अङ्क दिएमा,

(ड) यस ऐन बमोजिम विभागीय सजाय गर्नु पर्ने कर्मचारीलाई त्यस्तो सजाय नगरी उन्मुक्ति दिएमा ।"

६८. विधेयकको दफा ९४ दफाक्रम मिलाउँदा कायम हुने दफा ९१ को,-

(१) उपदफा (१) को खण्ड (ङ) मा रहेका "कैदमा नै बस्नु पर्ने" भन्ने शब्दहरुको सट्टा "कैद हुने" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्डक्रम मिलाउनेः-

"(च) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिल्लो पदमा बहाल रहेको निजामती कर्मचारीको लगातार दुई वर्ष कार्यसम्पादन सम्झौता बमोजिमको प्रगतिको प्रतिशत साठी भन्दा कम रहेमा,"

(३) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह, जातीय छुवाछुत तथा भेदभाव वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,"

६९. विधेयकको दफा ९५ दफाक्रम मिलाउँदा कायम हुने दफा ९२ को उपदफा (१) मा रहेको "स्वीकृत नगराई" भन्ने शव्दहरु पछि "बिना सूचना" भन्ने शव्दहरु थप्ने ।

७०. विधेयकको दफा ९५ दफाक्रम मिलाउँदा कायम हुन आएको दफा ९२ पछि देहायको दफा ९३ थप्नेः-

"९३. <u>नकारात्मक सूचीमा राखिने</u>: (१) देहायका निजामती कर्मचारीलाई देहाय बमोजिमको अवधिको लागि नकारात्मक सूचीमा राखिनेछः-

(क) नसिहत वा तलब कट्टिको सजाय भएको भए एक वर्ष,

(ख) कार्यसम्पादन मुल्याङ्कनमा नव्वे प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको भए एक वर्ष,

(ग) वढुवा रोक्का वा तलव वृद्धि रोक्काको सजाय भएको भए रोक्का भएको अवधि भर,

(घ) कुनै कर्मचारीको नाममा लेखापरीक्षणबाट व्यक्तिगत पेश्की वा बेरुजु रहेको पाइएमा सो को फरफारक नगरेसम्म ।

(२) उपदफा (१) बमोजिम नकारात्मक सूचीमा रहेका कर्मचारीलाई त्यसरी नकारात्मक सूचीमा रहेको अवधिभर बढुवा, अध्ययन, तालिम लगायतका सुविधा दिईने छैन ।"

७१. विधेयकको दफा १०४ दफाक्रम मिलाउँदा कायम हुने दफा १०२ को सट्टा देहायको दफा १०२ राख्नेः-

"१०२. पुनरावेदन सम्बन्धी व्यवस्थाः यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर सङ्घीय कानून बमोजिम गठित प्रशासकीय अदालतमा पुनरावेदन गर्न सकिनेछ ।"

७२. विधेयकको दफा १०७ दफाक्रम मिलाउँदा कायम हुने दफा १०५ को सट्टा देहायको दफा १०५ राख्नेः-

"१०५. नेपाल स्वास्थ्य सेवामा स्तर वृद्धि सम्बन्धी व्यवस्थाः (१) नेपाल स्वास्थ्य सेवाको आठौं (चिकित्सक बाहेक) र दशौं तहमा एक तह मुनीका कर्मचारीलाई सो तहमा तीन वर्ष पुरा भई पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषतमा कम्तीमा नब्बे प्रतिशत अङ्क प्राप्त भएमा तोकिए बमोजिम स्तर वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्तरवृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी स्तरवृद्धि भएको निजामती कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै तहमा कायम रहनेछ ।

(३) उपदफा (१) बमोजिम स्तरवृद्धि गर्दा सम्बन्धित निजामती कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर सो सेवाका निजामती कर्मचारीलाई स्तरवृद्धि गरिने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) तलब कट्टा भएकोमा तलव कट्टा भएको एक वर्षसम्म,

(घ) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(ङ) तलब बृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(च) प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका र यो ऐन प्रारम्भ भए पछि नियुक्त हुने नेपाल स्वास्थ्य सेवाको चौथो र पाँचौ तहका निजामती कर्मचारीलाई तोकिए बमोजिम तत् तत् तहको प्रथम, द्वितीय र तृतीय स्तरमा कायम गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि माथिल्लो तहमा बढुवा हुन आवश्यक पर्ने तोकिएको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता भएको नेपाल स्वास्थ्य सेवाको चौथो तहको कर्मचारी पाँचौ तहमा र पाँचौ तह तथा छैठौं तहका कर्मचारी सातौं तहमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछ ।

(७) यो ऐन प्रारम्भ भए पछि नेपाल स्वास्थ्य सेवाको छैठौं तहको पद जुनसुकै कारणले रिक्त भएमा त्यस्तो पद स्वतः पाँचौ तहमा कायम हुनेछ ।

(८) नेपाल स्वास्थ्य सेवाको स्तर वृद्धि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

७३. विधेयकको दफा १०८ दफाक्रम मिलाउँदा कायम हुने दफा १०६ को सट्टा देहायको दफा १०६ राख्नेः-

"१०६. नेपाल स्वास्थ्य सेवामा करार सेवामा कामकाज गराउने सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देहायको अवस्थामा नेपाल स्वास्थ्य सेवाको क्लिनिकल सेवा (चिकित्सक, नर्सिङ्ग सेवा वा प्याथोलोजी ल्याब आदि) तर्फको रिक्त पदमा करारद्वारा पदपूर्ति गर्न सक्नेछः-

(क) लोक सेवा आयोगमा पदपूर्तिको लागि माग भएको तर पदपूर्ति भई नसकेको अवधिभर,

(ख) अध्ययन र असाधारण विदा स्वीकृत भएको अवधिभर ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा लोक सेवा आयोगको बैकल्पिक वा अस्थायी सूचीमा रहेका व्यक्तिहरुलाई करारमा नियुक्ति गरिनेछ।

(३) उपदफा (२) बमोजिम पूर्ति हुन नसकेमा नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वीकृत गरेको कार्यविधि बमोजिम सेवा करार द्वारा पूर्ति गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको अवधि सकिए पछि करार अवधि स्वतः समाप्त भएको मानिनेछ ।

तर लोक सेवा आयोगबाट स्थायी पदपूर्तिको लागि सिफारिस भई नआएसम्म यस दफा बमोजिम करार सेवाको म्याद थप गर्न सकिनेछ ।

(५) यस दफा विपरीत कसैले अस्थायी वा करार सेवामा नियुक्ति गरे गराएमा त्यस्तो नियुक्ति भएको कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।"

७४. विधेयकको दफा १०९ दफाक्रम मिलाउँदा कायम हुने दफा १०७ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्रेः-

"(४) यस दफा बमोजिमको बढुवा समितिले बढुवा आवेदन फाराम बुझाउने अन्तिम मितिले नब्बे दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।"

(२) उपदफा (५) पछि देहायको उपदफा (६) थप्नेः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ६ को उपदफा (७) वमोजिम एकिकृत प्रणाली लागू भए पछि नेपाल स्वास्थ्य सेवाको पदमा बढुवा गर्दा समेत दफा २७ बमोजिमको बढुवा समितिको सिफारिसमा गरिनेछ"

७५. विधेयकको दफा ११० दफाक्रम मिलाउँदा कायम हुने दफा १०८ को उपदफा (२) मा रहेका "भौगोलिक क्षेत्रमा" भन्ने शव्दहरु पछि "रुजु हाजिर भई" भन्ने शव्दहरु थप्ने ।

७६. विधेयकको दफा १११ दफाक्रम मिलाउँदा कायम हुने दफा १०९ को उपदफा (२) मा रहेको "पदमा" भन्ने शव्द पछि "बढुवा गरी" भन्ने शव्दहरु थप्ने ।

७७. विधेयकको दफा ११२ दफाक्रम मिलाउँदा कायम हुने दफा ११० को उपदफा (२) मा रहेको "माथिल्लो" भन्ने शव्दको सट्टा "एक तह माथिको" भन्ने शव्दहरु राख्रे ।

७८. विधेयकको दफा ११५ दफाक्रम मिलाउँदा कायम हुने दफा ११३ को उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्ने

"(च) मृत्यु संस्कार विदा,"

७९. विधेयकको दफा ११६ झिकी दफाक्रम मिलाउने

८०. विधेयकको दफा १२० दफाक्रम मिलाउँदा कायम हुने दफा ११७ को सट्टा देहायको दफा ११७ राख्रेः-

"११७. निजामती कर्मचारीको आधिकारिक युनियनः (१) यस ऐनको अधीनमा रही निजामती कर्मचारीको हक हितको लागि सामुहिक सौदावाजी गर्न तथा कर्मचारीको तर्फबाट प्रतिनिधित्व गर्नको लागि एक आधिकारीक कर्मचारी युनियन रहनेछ ।

(२) आधिकारीक कर्मचारी युनियनको केन्द्रीय कार्यसमितिमा कम्तीमा दुई जना पदाधिकारी सहित एक तिहाई पदमा महिलाको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमका पदहरु रहनेछन् ।

(३) आधिकारीक कर्मचारी युनियनको निर्वाचन दफा ११ को उपदफा (२) बमोजिमको समूहको समानुपातिक समावेशी प्रतिनिधित्व हुने गरी प्रत्येक तीन वर्षमा गरिनेछ ।

तर यस ऐन बमोजिम आधिकारीक कर्मचारी युनियनको निर्वाचन नभएसम्म आधिकारिक कर्मचारी युनियनमा बढिमा एक वर्षको लागि यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियनका पदाधिकारीहरु रहनेछन् ।

(४) आधिकारिक कर्मचारी युनियनमा कार्यालय प्रमुख भई काम गर्ने निजामती कर्मचारी बाहेक राष्ट्रिय किताबखानाबाट सङ्केत नम्बर प्राप्त गरेका अन्य राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहसम्मका निजामती कर्मचारीले सदस्यता लिन सक्नेछन् र त्यसरी सदस्यता लिएका निजामती कर्मचारीले आधिकारिक कर्मचारी युनियनको निर्वाचनमा उम्मेदवार हुन वा मतदान गर्न सक्नेछन् ।

(५) उपदफा (४) को प्रयोजनको लागि आधिकारिक कर्मचारी युनियनले सो युनियनको सदस्यता वितरण गर्नेछ ।

तर यस ऐन बमोजिम आधिकारिक कर्मचारी युनियनको निर्वाचन नभएसम्म उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कायम रहेको आधिकारिक कर्मचारी युनियनले सदस्यता वितरण गर्नेछ ।

(६) आधिकारिक कर्मचारी युनियनको निर्वाचन सम्बन्धी अन्य व्यवस्था आधिकारिक कर्मचारी युनियनसँग परामर्श गरी नेपाल सरकारले बनाएको कार्यविधि बमोजिम हुनेछ ।

(७) आधिकारिक कर्मचारी युनियनले निजामती कर्मचारीको सामुहिक हक हितको संरक्षण तथा सम्बर्द्धनका लागि तोकिए बमोजिम सामुहिक सौदाबाजी गर्न तथा कानूनमा भएको व्यवस्थाको कार्यान्वयन गर्न तोकिए बमोजिम सामुहिक संवादमा सहभागी हुन पाउनेछ ।

(८) आधिकारिक कर्मचारी युनियन बाहेक अन्य कुनै पनि संस्था वा निजामती कर्मचारीको समूहले सामुहिक मागदाबी पेश गर्न पाउने छैन। आधिकारिक कर्मचारी युनियनले माग पुरा गर्नको लागि तोकिएको प्रकृया बमोजिम वार्ता गर्ने, छलफल गर्ने तथा मध्यस्थताको माध्यम अपनाउने बाहेक हडताल वा काम बन्द गर्न पाउने छैन।

(९) सङ्घीय निजामती सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माणमा सरकारलाई रचनात्मक सहयोग गर्नु आधिकारिक कर्मचारी युनियनको कर्तव्य हुनेछ।

(१०) सङ्घीय निजामती सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी र व्यावसायिक बनाउन क्रियाशिल हुनु आधिकारिक कर्मचारी युनियनको जिम्मेवारी हुनेछ ।

(११) कुनै निजामती कर्मचारी आधिकारिक कर्मचारी युनियनको कार्यसमितिको कुनै पदमा दुई कार्यअवधि भन्दा बढी रहन पाउने छैन ।

तर पहिले बहाल रहेको पदभन्दा माथिल्लो पदमा निर्वाचित हुन बाधा पर्ने छैन ।

(१२) आधिकारिक कर्मचारी युनियनको कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कारणले कुनैपनि कर्मचारीले पदीय जिम्मेवारी बमोजिमको काम गर्नबाट उन्मुक्ति वा छुट पाउने छैन र आफ्नो पदीय जिम्मेवारी पूरा गर्नु त्यस्तो पदाधिकारी तथा सदस्यको कर्तव्य हुनेछ ।

(१३) आधिकारिक कर्मचारी युनियनको कार्यसमितिका पदाधिकारी वा सदस्यले यस ऐन र प्रचलित कानून बमोजिम कर्मचारीले पालना गर्नु पर्ने आचरणका अतिरिक्त देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः-

(क) आफु खटिएको निकाय वा कार्यालयमा अनिवार्य रुपमा सेवा गर्नु पर्ने,

(ख) सम्बन्धित कार्यालयमा आफुलाई तोकिएको जिम्मेवारीमा असर पर्ने गरी कार्यालय समयमा कर्मचारी युनियन सम्बन्धी गतिविधि गर्न नहुने,

(ग) नीतिगत विषय बाहेक कुनै पनि कर्मचारीको सरुवा, बढुवा वा वृत्ति विकास सम्बद्ध विषयमा दबाब दिन वा प्रभावमा पार्न नहुने,

(घ) कुनै पनि कर्मचारीलाई कर्मचारी युनियनमा आबद्ध हुन दबाब दिन वा बाध्य बनाउन नहुने,

(ङ) कर्मचारी युनियन सम्बन्धी कामका लागि तोकिएको बाहेक अन्य कुनै सरकारी साधनस्रोतको प्रयोग गर्न नहुने ।

(१४) उपदफा (१३) मा उल्लिखित आचरण सम्बन्धी कुराहरु उलङ्घन गर्ने कर्मचारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्नेछ ।"

८१. विधेयकको दफा १२२ दफाक्रम मिलाउँदा कायम हुने दफा ११९ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) प्रदेश निजामती सेवा, प्रदेश सरकारी सेवा वा स्थानीय सेवाको गठन तथा सञ्चालन गर्दा अन्य विषयका अतिरिक्त दफा ४ बमोजिमका आधारभुत सिद्धान्तलाई समेत अवलम्बन गर्नु पर्नेछ ।"

(२) उपदफा (४) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नेः-

"(ग) सम्बन्धित प्रदेशमा रहेका स्थानीय तहमा कार्यरत स्थानीय सेवाका कर्मचारीलाई निश्चित आधार र मापदण्ड निर्धारण गरी सोही प्रदेशभित्रको अन्य स्थानीय तहको समान तहको पदमा सरुवा गर्न सकिने व्यवस्था,"

(३) उपदफा (४) को खण्ड (घ) झिकी खण्डक्रम मिलाउने ।

(४) उपदफा (४) को खण्ड (ङ) मा रहेको "आयोगको" भन्ने शब्द पछि "आधार र" भन्ने शब्दहरु थप्ने।

(५) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नेः-

"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी कानून बमोजिम स्थानीय तहमा समायोजन भएको कर्मचारीले त्यस्तो स्थानीय तहमा कम्तीमा दुई वर्ष काम गरे पछि सम्बन्धित प्रदेशको प्रमुख सचिवले सोही प्रदेश भित्रको अर्को स्थानीय तहमा सरुवा गर्न सक्नेछ ।"

(६) उपदफा (८) झिक्ने।

८२. विधेयकको दफा १२३ र १२४ दफाक्रम मिलाउँदा कायम हुने दफा १२० र १२१ को सट्टा देहायका दफा १२० र १२१ राख्नेः-

"१२०. <u>प्रदेश सरकारको प्रमुख सचिव सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारको प्रमुख सचिवको पद सङ्घीय निजामती सेवाको पद हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पदमा नेपाल सरकारले यस ऐन बमोजिम सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी वा अधिकृत बाहौं तहका निजामती कर्मचारी मध्येबाट खटाउनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारको प्रमुख सचिव पदमा खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ ।

१२१. <u>प्रदेश सरकारको सचिव वा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश मन्त्रालयको सचिवको पद प्रदेश निजामती सेवाको पद हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशको प्रदेश मन्त्रालयको प्रदेश सचिवको पदमा प्रचलित कानून बमोजिम प्रदेश निजामती सेवाको सम्बन्धित तहको कर्मचारीबाट पूर्ति नभएसम्मका लागि सो पदमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृत एघारौं तहको कर्मचारी प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालयमा खटाउनेछ ।

(३) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदमा प्रचलित कानून बमोजिम सम्बन्धित तहको कर्मचारीबाट पूर्ति नभएसम्मको लागि नेपाल सरकारले सङ्घीय निजामती सेवाको कर्मचारी प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालयमा खटाउनेछ ।

(५) उपदफा (४) बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदमा कर्मचारी खटाउँदा नेपाल सरकारले सम्बन्धित श्रेणी वा तहको अधिकृतस्तरको कर्मचारी खटाउनु पर्नेछ । यसरी नेपाल सरकारले नखटाएको अवस्थामा सम्बन्धित स्थानीय तहको अनुरोधमा सम्बन्धित प्रदेश सरकारले सम्बन्धित तहको कर्मचारी खटाउन सक्नेछ ।

(६) उपदफा (२), (४) वा (५) बमोजिम खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश वा स्थानीय तहप्रति उत्तरदायी हुनेछ ।

(७) उपदफा (२) बमोजिम प्रदेश सरकारको सचिव पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित प्रदेश सरकारले गरेको तोकिए बमोजिमको कार्यसम्पादन टिप्पणी समेतको आधारमा गर्नु पर्नेछ ।

(८) उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा प्रदेश सरकारको मुख्यमन्त्रीको कार्यालयको सचिवले सुपरिवेक्षकको रुपमा र प्रमुख सचिवले पुनरावलोकनकर्ताको रुपमा मूल्याङ्कन गर्नेछ ।

(९) उपदफा (८) बमोजिमको कार्यसम्पादन मूल्याङ्कनको लागि रहने पुनरावलोकन समिति देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयको सचिव -संयोजक
(ख) सम्बन्धित पुनरावलोकनकर्ता -सदस्य
(ग) सम्बन्धित सुपरिवेक्षक -सदस्य

(१०) उपदफा (८) बमोजिम सुपरिवेक्षकको रुपमा मूल्याङ्कन गर्ने व्यक्तिले मूल्याङ्कन गर्दा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले गरेको तोकिए बमोजिमको कार्यसम्पादन टिप्पणीलाई समेत आधार मान्नु पर्नेछ ।

(११) उपदफा (४) वा (५) बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदमा कर्मचारी नखटाएको अवस्थामा सो स्थानीय तहमा कार्यरत वरिष्ठतम कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्नेछ ।"

८३. विधेयकको दफा १२५ दफाक्रम मिलाउँदा कायम हुने दफा १२२ को,-

(१)उपदफा (२) मा रहेका "निजामती कर्मचारी" भन्ने शव्दहरुको सट्टा "सरकारी सेवाका कर्मचारी" भन्ने शव्दहरु राख्ने र सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कर्मचारीलाई यस उपदफा बमोजिमको कुनै सुविधा दिईने छैन" भन्ने शव्दहरुको सट्टा "कर्मचारीले पाउने सुविधा दफा ११४ बमोजिम हुनेछ" भन्ने शव्दहरु राख्ने ।

(२)उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) सङ्घीय निजामती सेवाबाट प्रदेश वा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारी सङ्घीय निजामती सेवाका कर्मचारी मानिनेछन् ।

तर त्यस्तो कर्मचारी खटिएको पदको जिम्मेवारी तथा कार्यसम्पादन सम्बन्धमा निजको उत्तरदायित्व सम्बन्धित प्रदेश वा स्थानीय तहप्रति हुनेछ ।"

८४. विधेयकको दफा १२६ दफाक्रम मिलाउँदा कायम हुने दफा १२३ को उपदफा (१) मा रहेको "पठाउनु पर्नेछ" भन्ने शव्दहरुको सट्टा "पठाउनु सक्नेछ" भन्ने शव्दहरु राख्ने ।

८५. विधेयकको दफा १२८ दफाक्रम मिलाउँदा कायम हुने दफा १२५ मा रहेका "तोकिएको म्याद भित्र" भन्ने शव्दहरुको सट्टा "बढीमा एक्काईस दिन भित्र" भन्ने शव्दहरु राख्ने ।

८६. विधेयकको दफा १३२ दफाक्रम मिलाउँदा कायम हुने दफा १२९ को सट्टा देहायको दफा १२९ राख्नेः-

"१२९. <u>नेतृत्व परीक्षणः</u> (१) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारीहरुको तोकिए बमोजिम नेतृत्व परीक्षण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नेतृत्व परीक्षण गर्दा देहायको आधारमा गर्नु पर्नेछ :-

(क) निजामती कर्मचारीले नेतृत्व गरेको संस्थाको वार्षिक कार्यक्रमको प्रगति,

(ख) नीति विश्लेषण क्षमता, कार्य सम्पादन गर्दा नेतृत्व लिन सक्ने क्षमता,

(ग) निर्णय गर्ने क्षमता,

(घ) सेवाग्राहीको सन्तुष्टी,

(ङ) बेरुजु फछ्र्यौटको प्रगति,

(च) संवैधानिक निकायको वार्षिक प्रतिवेदनमा देखिएको बेरुजु,

(छ) सामूहिक कार्य प्रणाली, पेशागत संवेदनशीलता,

(ज) अन्तरवैयक्तिक सम्बन्ध, र

(झ) कार्यरत निकायमा गरेको रचनात्मक वा सिर्जनात्मक सुधार ।

(३) उपदफा (१) बमोजिमको समितिले नेतृत्व मूल्याङ्कन गर्दा सम्बन्धित निजामती कर्मचारी कार्यरत निकायका कर्मचारीबाट गोप्य रूपमा काम प्रतिको व्यवहार र आचरणको सूचना सङ्कलन गर्न सक्नेछ ।

(४) नेतृत्व परीक्षणको नतिजाको आधारमा उपदफा (१) मा उल्लिखित कर्मचारीलाई जिम्मेवारी दिईनेछ ।"

८७. विधेयकको दफा १३३ दफाक्रम मिलाउँदा कायम हुने दफा १३० को उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः-

"(४) उपदफा (३) बमोजिमको प्रतिवेदन उपर छानबिन गरी नेपाल सरकारले सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिनेछ । त्यस्तो निर्देशन पालन नगर्ने सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ ।"

८८. विधेयकको दफा १३५ दफाक्रम मिलाउँदा कायम हुने दफा १३२ को सट्टा देहायको दफा १३२ राख्ने:-

"१३२. कर्मचारी अभिलेख सम्बन्धी व्यवस्था: (१) सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवाका कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानाले राख्नेछ । यसरी अभिलेख राख्ने प्रयोजनको लागि राष्ट्रिय किताबखानाले माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) प्रदेश वा स्थानीय तहले उपलब्ध गराएको विवरणको आधारमा राष्ट्रिय किताबखानाले प्रदेश निजामती सेवा वा अन्य सरकारी सेवा र स्थानीय तहका कर्मचारीको अभिलेख राख्नेछ ।

(३) कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व कर्मचारी कार्यरत निकाय, राष्ट्रिय किताबखाना र सम्बन्धित कर्मचारी समेतको हुनेछ ।"

८९. दफा १३६ दफाक्रम मिलाउँदा कायम हुने दफा १३३ मा रहेको "नियमहरु" भन्ने शब्दको सट्टा "नियम" भन्ने शब्द राख्ने ।